# चिशंखुगढी गाउँपालिका

## गाउँसभाको बैठकमा गाउँपालिकाका अध्यक्ष श्री निशान्त शर्माज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम

२०८० साल असाढ १० गते आइतबार

# चिशंखुगढी गाउँपालिकाको आ.ब. २०८०।०८१ नीति तथा कार्यक्रम

## गाउँपालिकाका अध्यक्ष श्री निशान्त शर्मा ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू एवम् गाउँसभाका सदस्य ज्यूहरू,
सम्पूर्ण कर्मचारी मित्रहरू, सुरक्षाकर्मी तथा पत्रकार साथीहरू एवम् **उपस्थित सम्पूर्ण महानुभावहरू।**

यस गरिमामय सभामा यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/ ८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन, जनयुद्ध र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/ ८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत *"कृषि, पर्यटन, र दिगो पूर्वाधार, समृद्ध चिशंखुगढीको बलियो आधार"* लक्ष्य हासील गर्न सार्वजनिक, अन्य साझेदार नियकायहरु र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध पूर्वाधार विकास, व्यवसायिक कृषि तथा शिक्षा र सामाजिक विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिएको छ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः रुस युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइँ सराईका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन् । यसबाट हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेको छैन । उब्जाउ खेतवारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तीब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हासील गर्ने टेवा पुर्याउनु छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

निशान्त शर्मा
अध्यक्ष

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः**

- ✓ संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- ✓ आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- ✓ विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- ✓ गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- ✓ सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
- ✓ सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

**हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः**

- ✓ रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- ✓ बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
- ✓ गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
- ✓ युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- ✓ ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- ✓ वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
- ✓ निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- ✓ सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
- ✓ निर्माण गरिएका सडक संरचनाहरुलाई बाह्रै महिना सुचारु गर्नु/गराउनु ।
- ✓ भिरालो ठाउँ, बाढी पहिरो तथा भू-क्षय लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा घर भवन निर्माण कार्यलाई रोक्नु।
- ✓ अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
- ✓ बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
- ✓ सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
- ✓ प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा, वालुवा तथा गिट्टी) को मापदण्ड अबलम्बन नगरी अत्यधिक दोहन रोक्नु ।
- ✓ विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मूल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु ।

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको

निशान्त शर्मा
अध्यक्ष

सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/ ०८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिकाका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागिता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागिता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रीत तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस गाउँपालिकामा सवै वडामा सडकको पहुँच पुगेकोछ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ । गाउँपालिकाबाट अन्य गाउँपालिका/ नगरपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ बनाइएकोछ ।

**सिंचाइः**

गाउँपालिकाका भित्र करिव १८० हे. मा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ । जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा रहेको ५ शैय्याको अस्पताल निर्माण भै सुचारुहुने अवस्थामा रहेकोछ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ ।
विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदानहरु निर्माण र खेलकुद कार्यक्रमहरु भएका छन ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म गाउँपालिकामा करिव १५० किमि कृषि सडक निर्माण भएको छ । कृषि सहकारी संस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ । गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र

निशान्त शर्मा
अध्यक्ष

प्रवर्ध्दन गर्ने कामलाई अगाडी बढाइएको छ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, व्यवस्थापन कार्य सुरुवात गरी बनलाई आय आर्जनको स्रोतको रुपमा स्थापित गरिदैछ । गाउँपालिकामा रहेका सामुदायिक वनको उपयोग र संरक्षण गरी वनक्षेत्र ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ।

**सुशासन तथा संस्थागत विकास**

गाउँपालिकाले हालसम्म १२ वटा ऐन, ८ वटा नियमावली, ३२ वटा कार्यविधि र ३ मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ । गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनको तयारीमा रहेकोछ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७३.२५ अंक प्राप्त गरेकोछ ।

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएकोछ ।

**उपस्थित सम्पूर्ण महानुभावहरू**

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

२. शिक्षा ऐन, नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

४. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि थप लगानी गरिनेछ।

६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गरिनेछ।

७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ। साथै विद्यार्थी संख्या तथा विद्यालयको भौगोलिक अवस्थाका आधारमा विद्यालय समायोजन तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

निशान्त शर्मा
अध्यक्ष

९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१०. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

११. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिनेछ।

*१२. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, विद्यार्थी तथा शिक्षक डायरी व्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS)लाई थप व्यवस्थित बनाइनेछ ।*

*१३. शैक्षिक उन्नयन, सुधार र पेशागत दक्षताका लागि शिक्षकहरुमा आवश्यक तालिमको प्रबन्ध मिलाइनेछ । साथै उत्कृष्ट शिक्षक तथा विद्यार्थीहरुलाई प्रोत्साहन तथा पुरस्कारको प्रबन्ध गरिनेछ र गरिव तथा विपन्न परिवारका विद्यार्थीहरुको पठनपाठनलाई सहयोग पुर्याउने उदेश्यले विगत वर्षदेखि प्रदान गरिदै आएको विपन्न लक्षित छात्रवृत्तीलाई निरन्तरता दिइनेछ ।*

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

३. बालविवाहलाई कानूनी रुपमा दण्डनिय मानिएको भएतापनि समुदायस्तरमा पूर्ण रुपमा बालविवाह अन्त्य हुन नसकेको परिप्रेक्षमा यस्तो अपराधलाई पूर्णरुपमा अन्त्य गर्नका लागि विवाहपूर्व अनिवार्य रुपमा सम्बन्धित वडाको सिफारिस लिनुपर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ। साथै युवा लक्षित खेल कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

निशान्त शर्मा
अध्यक्ष

६. विपन्न तथा न्यून आय भएका परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. समुदायस्तरमा हुने सबै प्रकारका जातीय भेदभाव तथा छुवाछुतजन्य अपराधहरुलाई निरुत्साहित गरिनेछ । साथै दलित र गैरदलित वीचको विवाहलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

३. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

४. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ।

५. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

६. अपाङ्गता पुनस्थापना तथा जीविकोपार्जनको लागि साझेदारी कार्यक्रम संचालन गरिनेछ।

७. ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

८. हिंसा पिडित महिला तथा बालबालिकाको लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।

९. "हिंसा मुक्त गाउँपालिका, हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

१०. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

११. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

१२. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१३. बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम र क्रियाकलापहरु संचालन गरिनेछ।

१४. राजनीतिक परिवर्तनको विभिन्न कालखण्डका राजनीतिक आन्दोलनहरुमा बलिदान गर्ने यस गाउँपालिका भित्रका सहिद तथा वेपत्ता परिवारका लागि निर्वाह सम्मान स्वरुप निर्वाह भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाक्षेत्र भित्र आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी विभिन्न रोगहरुको रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित बनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको लागि आवश्यक सहयोगको प्रबन्ध मिलाइनेछ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाई व्यवस्थित गरिनेछ।

५. आर्थिक रुपमा अति विपन्न, अशक्त तथा गर्भवती रहेका गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान निशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

निशान्त शर्मा
अध्यक्ष

६. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ। साथै महिला स्वास्थ्य स्वयंसेविका तथा वर्थिङसेन्टरमा कार्यरत सफाइ कर्मचारीहरुको लागि प्रोत्साहन तथा विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

८. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा सेवा प्रदान गरिनेछ।

९. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१०. गाउँपालिकामा निर्माण पुरा भइसकेको पाँच शैयाको आधारभूत अस्पतालबाट स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

११. गाउँपालिका स्थित सवै स्वास्थ्य केन्द्रहरुमा ल्याव सेवा विस्तार गरिनेछ । साथै प्राकृतिक चिकित्सा पद्धति तथा आयुर्वेद सेवालाई प्रवर्द्धन गर्दै लगिनेछ ।

१२. स्वास्थ्य क्षेत्रमा अति संवेदनशिल रुपमा रहेको र समुदायस्तरमा क्रमश वृद्धि हुँदै गएको मानसिक स्वास्थ्यको समस्यलाई न्यूनीकरण गर्न सामुदायिक मानसिक स्वास्थ्य परामर्श कार्यक्रम थप प्रभावकारी बनाउँदै लगिनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

*२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वियनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।*

*२.२ स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ ।*

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु प्रचारप्रसार मार्फत पर्यटकीय गन्तव्यको रुपमा स्थापना गरिनेछ ।

४. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

५. अन्तर गाउँपालिका/ नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप गाउँपालिका/ नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

### ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ ।

२. किसान सूचीकरण कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ । कृषि विकास सम्बन्धी सेवा, सुविधा र सहुलियत प्रदान गर्दा किसान परिचयपत्रलाई क्रमशः अनिवार्य गर्दै लगिने छ ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई र कृषि सडकहरुको पूर्वाधार निर्माण गरिनेछ।

निशान्त शर्मा
अध्यक्ष

५. दुध, मासु तथा अण्डामा आत्मनिर्भर गाउँपालिका बन्नकालागि पशु चौपायमा नश्लसुधार तथा कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न आवस्यक प्रबन्ध मिलाइनेछ ।

६. पशु पंक्षिहरुमा देखिएको महामारी तथा आकष्मिक रोग नियन्त्रण गर्न आवश्यक प्रभावकारी कार्यक्रम संचालन गरिनेछ । साथै पशु आहार व्यवस्थापन तथा पशुपंछि विमा कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यक्रम संचालन गरिनेछ ।

७. अर्गानिक खेतिको विस्तार, प्राङ्गारिक मलको उत्पादन तथा व्यवस्थापन र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

८. स्थानीय रैथाने प्रजातीको वीउ विजन संरक्षण गरी अन्नवाली उत्पादन कार्यलाई प्रोत्साहन दिइनेछ । साथै जग्गाबाँझो राख्ने पद्धतिलाई निरुत्साहित गर्ने नीति अख्तियार गरिनेछ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै क्षमता विकासको लागि आवश्यक प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने नीति लिइनेछ ।

**३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. पत्रकार तथा स्थानीय संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

**४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

**५. सुशासन प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्ने प्रणालीको व्यवस्था मिलाइनेछ ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

निशान्त शर्मा
अध्यक्ष

४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरुहरुमा सुझाव पेटिकाहरु राखिने छ ।

६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ ।

७. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

८. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, फिल्ड भत्ता, अतिरिक्त भत्ता जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

९. प्रहरी तथा अन्य कर्मचारीहरुको सेवाको वैज्ञानिक ढंगले संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी स्थायी पदपूर्ति गर्ने नीति लिइनेछ।

१०. उपभोक्ता हित प्रबर्द्धनको लागि आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

११. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१३. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमानयोग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीमा सवै जनताको सहज पहुँचको व्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका पानीका मूलहरू, जलाधार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोरमैला व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. अति आवश्यकीय, औषधिजन्य तथा निर्माण कार्यमा प्रयोग हुनेदेखि बाहेकका सवै प्रकारका सिसा तथा प्लास्टिकजन्य बस्तुहरु गाउँपालिका क्षेत्रभित्र आयात गर्न पूर्ण रुपमा प्रतिबन्ध लगाइनेछ ।जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

### ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

निशान्त शर्मा
अध्यक्ष

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।
२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।
४. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
५. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
६. भूकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
८. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
९. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

**७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१. आवधिक योजना, आवास योजना र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
४. दीर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गर्ने नीति लिइनेछ ।
५. यस गाउँपालिकाको आर्थिक तथा अन्य क्षेत्रको विकासमा महत्वपुर्ण योगदान दिने दुधकोशी जलासययुक्त जलविद्युत आयोजना यथाशीघ्र निर्माण कार्य प्रारम्भ गर्न सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र पहल गरिनेछ ।
६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाको गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
७. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
८. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
९. भवन निर्माण अनुमति प्रकृयाको सुरुवात गरिनेछ।

निशान्त शर्मा
अध्यक्ष

निशान्त शर्मा
अध्यक्ष

१०. गाउँपालिका भित्र भू-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

११. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१२. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

*१३. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मूल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।*

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थलाई ठेक्का प्रकृयाको माध्यमबाट उत्खनन गरी बिक्री प्रवन्ध मिलाइनेछ र आन्तरिक राजश्वलाई बढावा दिने नीति अख्तियार गरिनेछ ।

६. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

७. करदाताको कर लगतलाई ब्यवस्थित, पारदर्शी र प्रभावकारी बनाइनेछ ।

अन्त्यमा,

जनताहरुको विकास सम्बन्धी माग तथा आवश्यकता र गाउँपालिकाको स्रोत र साधनहरु वीचको अन्तर फराकिलो रहेकोले सवै प्रकारका मागहरु सम्बोधन गर्न नसकेपनि गाउँपालिकावासी नागरिकहरुको विकास प्रतिको आकांक्षा सम्बोधन गर्ने दिशातर्फ यो नीति तथा कार्यक्रम केन्द्रित रहेको छ । रुपान्तरणकारी भौतिक पूर्वाधार विकास गर्ने, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्ने तथा समता मूलक समाज स्थापनाको लागि सामाजिक एवं आर्थिक क्षेत्रमा थप लगानी विस्तार गरी उत्थानसिल अर्थतन्त्रको निर्माणलाई प्रस्तुत नीति तथा कार्यक्रमले उच्च प्राथमिकतामा राखेको छ । नेपालको संविधानले आत्मसाथ गरेका मान्यता, परिकल्पना, दीगो विकास लक्ष्य, नेपाल सरकारको १५ औं आवधिक योजना र यस गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको आधारमा रही यहाँका आम जनसमुदायबाट प्रकट भएका भावनाहरूलाई यस नीति तथा कार्यक्रमले समेट्ने प्रयत्न गरेकोछ । आगामी बजेटबाट नीति कार्यक्रममा व्यक्त प्रतिबद्धतालाई समेट्ने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रम गाउँपालिकाको समग्र विकासको खाका सहित कार्यान्वयन योग्य दस्तावेज को रुपमा रहने छ । नीति तथा कार्यक्रमका लागि सुझाव दिनु हुने सम्पूर्ण पूर्व माननीयज्यूहरु, जनप्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधि, बुद्धिजीवी, समाज सेवी र कर्मचारी साथीहरू तथा अन्य सरोकारवालाहरू सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद,

निशान्त शर्मा
अध्यक्ष